# नरैनापुर राजपत्र

खण्ड : ३  संख्या :३  नरैनापुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नरैनापुर, बाँके  प्रकाशित मिति : २०७६/०४/०१

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नरैनापुर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग — ०१

## नरैनापुर गाउँपालिका, बाँके

स्वीकृत मिति २०७६/०३/३१

**प्रस्तावना**

नरैनापुर गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२९ को उप-धारा (२) बमोजिम नरैनापुर गाउँ सभाले यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " नरैनापुर गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन २०७६ साउन १ गतेबाट प्रारम्भ हुनेछ।

२.आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँ कार्यपालिकाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु.४३,३४,०१,०००।- (अक्षेरुपी त्रिचालिस करोड, चौंतिस लाख, एक हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त नरैनापुर गाउँपालिकाको गाउँ कार्यपालिकाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा स्थानीय सरकार सञ्चालन ऐन,२०७५ बमोजिम रकम सार्न सक्नेछ। पूँजिगत खर्चतर्फ विनियोजित रकम चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन।

**तर चालु तथा पूँजिगत खर्चको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । गाउँ कार्यपालिकाले पदाधिकारी पारिश्रमिक तथा सुविधा, कर्मचारी प्रोत्साहन भत्ता लगाएतका सुविधा तथा खर्चका सम्बन्धमा आवश्यक मापदण्ड बनाई कार्यान्वय गर्नेछ ।**

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

**रु. हजारमा**

| शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|
| नरैनापुर गाउँ कार्यपालिका,बाँके | १७,९१,५१/- | १३,७०,५०/- | ४३,३४,०१/- |

**आज्ञाले,**
दल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत